काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



❐ वर्ष : २५ ❐ अंक : २२९ ❐ सोमवार, १८ जेठ, २०८३ ❐ Monday, 1 June 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

अधिकार अभावले कर्णालीका प्राकृतिक स्रोत ओझेलमा

'खानी, खनिज, वन, जलस्रोत र पर्वतारोहणबाट आम्दानीको ठूलो सम्भावना भए पनि नीतिगत व्यवस्थाको अभावले प्रदेश सरकारले लाभ लिन सकेको छैन'

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १७ जेठ

प्राकृतिक स्रोतले धनी मानिएको कर्णाली प्रदेशमा पर्वतारोहण, जलविद्युत, वन, खानी तथा खनिज, पानी र अन्य प्राकृतिक स्रोतबाट वर्षेनी अर्बौं रुपैयाँ राजस्व संकलन गर्ने सम्भावना छ। तर सम्भावना भए पनि नीतिगत तथा कानुनी जटिलताका कारण प्रदेशले अपेक्षित लाभ लिन सकेको छैन।

प्राकृतिक स्रोतको खोज, उत्खनन र व्यवस्थापन गर्ने अधिकार संघीय सरकारमा केन्द्रित हुँदा प्रदेश तथा स्थानीय तहले उपलब्ध स्रोतको उपयोग गर्न नसकेको सरोकारवालाहरूको भनाइ छ। कर्णालीका विभिन्न जिल्लामा रहेका बहुमूल्य खानी तथा खनिज स्रोत वर्षौंदेखि उपयोगविहीन अवस्थामा छन्।

दैलेखको डुंगेश्वर गाउँपालिका-२ र ३, भगवतीमाई गाउँपालिका-७ तथा रुकुमपश्चिमको चौरजहारी नगरपालिका-८ मा रहेका स्लेट तथा ढुंगा खानीबाट पर्याप्त आर्थिक लाभ लिन सकिएको छैन। आवश्यक नीतिगत व्यवस्था नहुँदा ती स्रोतबाट प्राप्त हुन सक्ने ठूलो परिमाणको राजस्व खेर गइरहेको छ।

त्यस्तै कालिकोटको शुभकालिका गाउँपालिका-३ भर्तास्थित बुकीमालिका सामुदायिक वन क्षेत्रमा रहेको बहुमूल्य धातु काइनाइट खानी तथा जाजरकोटको जुनिचाँदे र कुशे गाउँपालिकामा रहेका काइनाइट र स्लेट खानीहरू पनि उत्खननको पर्खाइमा छन्। संघीय सरकारले उत्खनन प्रक्रिया अघि नबढाउँदा र प्रदेश तथा स्थानीय सरकारलाई अधिकार नदिँदा यी स्रोत आर्थिक विकासको आधार बन्न सकेका छैनन्।



नेपालमा खनिज पदार्थको खोज, अनुसन्धान, उत्खनन र व्यवस्थापनको कार्य खानी तथा खनिज पदार्थ ऐन, २०४२ र खानी तथा खनिज पदार्थ नियमावली, २०५६ अनुसार सञ्चालन हुँदै आएको छ। उक्त कानुनी व्यवस्थाले अनुमतिपत्र (लाइसेन्स) प्राप्त गर्ने प्रक्रिया, खोज तथा उत्खननको अवधि, नवीकरण र उत्खननका क्रममा पालना गर्नुपर्ने मापदण्ड निर्धारण गरेको छ। साथै खानी तथा भूगर्भ विभागलाई जानकारी दिने तथा तोकिएको अवधिभित्र काम सुरु गर्नुपर्ने प्रावधान पनि रहेको छ।

कर्णाली प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयले भने संघीय सरकारले कानुन परिमार्जन गरी प्रदेश र स्थानीय तहलाई प्राकृतिक स्रोत व्यवस्थापनको जिम्मेवारी दिनुपर्ने आवश्यकता औंल्याएको छ। मन्त्रालयका अनुसार प्राकृतिक स्रोत व्यवस्थापन साझा

बाँकी पृष्ठ २

'बालेन नेतृत्वको सरकार नागरिकको आवाज दबाउन तल्लीन छ'



'कतिपय अवस्थामा कानुन संशोधन गर्ने क्रममा राज्यले पत्रकारलाई दमन गर्ने र अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्ने खालका गतिविधिहरू अघिल्ला सरकारसँगै अहिलेको सरकारले पनि गरिरहेको छ।

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १७ जेठ

नेपाल पत्रकार महासङ्घकी केन्द्रीय अध्यक्ष निर्मला शर्माले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकार नागरिकको आवाज दबाउनमा केन्द्रित रहेको बताएकी छन्।

वीरेन्द्रनगरमा शनिबारदेखि जारी कर्णाली छोरी सम्मेलनको दोस्रो संस्करण अन्तर्गत आइतबार आयोजित 'आवाज विहीनहरूका आवाज' सत्रमा बोल्दै शर्माले मिडियामाथि वर्तमान सरकारले अङ्कुश लगाउने प्रयास जारी राखेको बताइन्।

जसको उदाहरण सरकारले सरकारी विज्ञापन निजी सञ्चार माध्यमलाई नदिने गरी गरेको निर्णयलाई अभिव्यक्ति स्वतन्त्रताका विरुद्ध रहेको शर्माले बताइन्।

सरकारका पछिल्ला गतिविधिको महासङ्घले विरोध गरिरहेको बताउँदै शर्माले नागरिकका आवाज दबाउने यात्राले लोकतन्त्र सुदृढ हुन नसक्ने दाबी गरिन्।

उनले भनिन्, 'कतिपय अवस्थामा कानुन संशोधन गर्ने क्रममा राज्यले पत्रकारलाई दमन गर्ने र अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्ने खालका गतिविधिहरू अघिल्ला सरकारसँगै अहिलेको सरकारले पनि गरिरहेको छ।

त्यसको विरोधमा अहिले पनि हामी आन्दोलनमै छौं।' नागरिकको आवाज दबाउने कदम महासङ्घका लागि कुनै पनि हालतमा मान्य नहुने पनि उनले बताइन्।

प्रतिपक्षीको आपत्ति

प्रधानमन्त्रीसँगको प्रश्नोत्तर नियमावली अनुरूप भएन, छापामार शैली अपनाउनुभो

सभामुखको अभिव्यक्ति नै रेकर्डबाट हटाउन ऐन महरको माग

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १७ जेठ

प्रधानमन्त्री बालेन्द्र शाहले सदनमा आकस्मिकरुपमा उपस्थित भएर केही सांसदहरुको प्रश्नको जवाफ दिए पनि प्रतिपक्षी दल एमाले र श्रम संस्कृति पार्टीले असन्तुष्टि जनाएका छन्। संसद नियमावलीको पालनाअनुसार प्रश्नोत्तर नभएको उनीहरुको आरोप छ।

प्रधानमन्त्री जवाफ दिएर हिँडेलगत्तै एमाले र श्रम संस्कृति पार्टीका सांसदहरुले उठेर बोल्न समय माग गरेका थिए। तर, सभामुखले समय



नदिएपछि केहीबेर बादविवाद भयो। एमालेका ऐन महरलाई लगातार उठेर विरोध जनाइरहे। तर, सभामुखले एमालेकै गुरु बराललाई बोल्न समय दिए। बरालले प्रधानमन्त्रीको प्रश्नोत्तर नियमावली अनुसार नभएको भन्दै आपत्ति जनाए।

बरालपछि श्रम संस्कृति पार्टीका ध्रुवराज राईले प्रधानमन्त्री छापामार शैलीमा आएर केही प्रश्नको जवाफ दिएको तर आफूले प्रश्न सोध्न नपाएको बताए। त्यसपछि बोल्न समय पाएका एमालेका महरले ३ दिन अगाडि प्रश्न पठाउनुपर्ने नियम कतै पनि नभएको भन्ने सभामुखको भनाइमा नियमापत्ति जनाए।

उनले सभामुखको यो अभिव्यक्ति नै संसदको रेकर्डबाट हटाउन माग गरे।

'सबैले इन्डक्सन चुलो बाल्ने र इलेक्ट्रिक गाडी चढ्ने हो भने देशभर विस्फोट हुन्छ'

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १७ जेठ

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सबैले इन्डक्सन चुलो बाल्ने र इलेक्ट्रिक गाडी चढ्ने हो भने देशभर विस्फोट हुने दाबी गरेका छन्।

आर्थिक वर्ष २०८३/८४ को बजेटका सन्दर्भमा सञ्चारकर्मीहरूसँग अन्तरक्रिया गर्दै अर्थमन्त्री वाग्लेले यस्तो बताएका हुन्।

आइतबार पत्रकार सम्मेलन गर्दै अर्थमन्त्रीले भने, 'सबै घरले इन्डक्सन चुलो बाल्ने, इलेक्ट्रिक गाडी चढ्ने हो भने देशभर



विस्फोट हुन्छ। ट्रान्सफर्मरले धान्दैन। अबको तीन चार वर्ष यो पूर्वाधार बनाउनै लाग्छ। त्यसको लगानी बढाउनमा लागि बिजुलीमा भ्याट लगायौं।'

स्वच्छ ऊर्जामा नेपालीहरूको पनि लगानी हुनुपर्छ भनेर भ्याट लगाएको उनको जिकिर छ। बिजुलीको भ्याट अतिरञ्जित ढङ्गले फैलाइएको उनले बताए।

आजै प्रधानमन्त्री बालेन्द्र शाहले पनि देशभर विद्युतीय चुल्होबाट खाना पकाउन थाल्ने हो भने सबै ट्रान्सफर्मर पड्किने दाबी गरेका थिए।

काँक्रेविहार राष्ट्रिय दैनिक दृष्टिकोण

सोमवार, १८ जेठ, २०८३
Monday, 1 June 2026

सम्पादकीय

छोरीका आवाज नीति निर्माणसम्म पुऱ्याऊ

कर्णाली प्रदेशको सामाजिक रूपान्तरण र लैङ्गिक समानताको यात्रामा 'कर्णाली छोरी सम्मेलन-२०८३' एक महत्वपूर्ण अभियानका रूपमा स्थापित भएको छ । प्रदेशका ७९ वटै स्थानीय तहबाट आएका छोरीहरूको सहभागितामा वीरेन्द्रनगरमा दोस्रो संस्करणको सम्मेलन पनि सम्पन्न भएको छ । यो सम्मेलन औपचारिक कार्यक्रम मात्र नभइ कर्णालीका छोरीहरूको आवाज, अनुभव, आकांक्षा र अधिकारलाई एकीकृत रूपमा प्रस्तुत गर्ने साझा मञ्च हो । कर्णालीलाई प्रायः गरिबी, पिछडापन र अभावको दृष्टिकोणबाट चित्रण गरिन्छ । तर यही भूमिमा संघर्ष, सिर्जनशीलता, नेतृत्व क्षमता र परिवर्तनका असंख्य सम्भावनाहरू पनि छन् । सम्मेलनमा सहभागी भएका राउटे, राजी, कुसुण्डा, बादी, बोटे समुदायका छोरीहरू, अपाङ्गता भएका किशोरी तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका प्रतिनिधिहरूको उपस्थितिले यो कार्यक्रम समावेशिताको उत्कृष्ट उदाहरण बनेको छ । समाजका सीमान्तकृत समुदायका छोरीहरूको आवाजलाई केन्द्रमा राख्नु नै वास्तविक सामाजिक न्यायको आधार हो । कर्णालीमा महिलाको अवस्था उल्लेखनीय रूपमा सुधार हुँदै गएको तथ्यलाई नकार्न सकिँदैन, तर चुनौतीहरू अझै समाप्त भएका छैनन् ।

बालविवाह, छाउपडी, घरेलु हिंसा, यौन दुर्व्यवहार, मानव बेचबिखन र लैङ्गिक विभेदजस्ता समस्या अझै पनि समाजका गहिरा घाउका रूपमा विद्यमान छन् । कर्णालीमा अझै ३३ प्रतिशत महिला निरक्षर हुनु गम्भीर चिन्ताको विषय हो । शिक्षा, स्वास्थ्य, सुरक्षा र अवसरमा समान पहुँच नहुँदासम्म महिलाको वास्तविक सशक्तीकरण सम्भव हुँदैन । सम्मेलनले उठाएका विषयहरू केवल महिलाका मुद्दा होइनन्, ती समग्र समाजको विकाससँग जोडिएका प्रश्नहरू पनि हुन् । महिलाको सहभागितावि‍ना समावेशी विकास सम्भव हुँदैन भन्ने यथार्थपरक पृष्टि पनि हो । महिलालाई प्रतिनिधित्वको संख्यामा सीमित नगरी निर्णय प्रक्रियाको केन्द्रमा पुऱ्याउनु आवश्यक छ । संविधान संशोधनको बहस चलिरहेका बेला महिलाको ५० प्रतिशत प्रतिनिधित्वको मागलाई पनि गम्भीरतापूर्वक लिनुपर्ने देखिन्छ ।

कर्णाली प्रदेश सरकारले छोरीहरूको शिक्षा, नेतृत्व विकास र आत्मनिर्भरताका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको जनाएको छ । यस्ता कार्यक्रम स्वागतयोग्य भए पनि तिनको प्रभावकारिता परिणामबाट मापन हुनुपर्छ । बालविवाह न्यूनीकरण, छात्रवृत्ति वितरण, महिला उद्यमशीलता प्रवर्द्धन तथा हिंसा नियन्त्रणका कार्यक्रम गाउँ-गाउँसम्म प्रभावकारी रूपमा कार्यान्वयन हुन सके मात्र परिवर्तनको अनुभूति हुनेछ । किनकी अवसर, आत्मविश्वास र निरन्तर प्रयास भए कठिन परिस्थिति पनि सफलता प्राप्तिको बाधक बन्न सक्दैन । तर प्रेरणादायी भाषण र घोषणामात्र पर्याप्त हुँदैनन् । सम्मेलनबाट उठेका निष्कर्षहरू सरकारका दराजमा सीमित हुनु हुँदैन । सहभागी छोरीहरूले शिक्षा, सुरक्षा, आर्थिक अवसर र नेतृत्व विकासमा देखाएका चुनौतीहरूको समाधानका लागि ठोस नीति, बजेट र कार्यान्वयन योजना आवश्यक छ । सम्मेलनपछि पनि उनीहरूको आवाज निरन्तर सुनिने र सम्बोधन हुने व्यवस्था राज्यले गर्नुपर्छ । त्यसैले कर्णालीका छोरीहरू अब सहयोगका पात्र मात्रै होइनन्, परिवर्तनका संवाहक पनि हुन् ।

भूमिहीन दलितको प्रश्न



गोविन्द विक

राजधानीमा दलित समुदायले कोठा पाउनसमेत कठिन हुने यथार्थ अझै जीवित छ । जात लुकाउनुपर्छ, पहुँचवालाको सिफारिस चाहिन्छ तबमात्र डेरा पाइन्छ भन्ने अनुभव आज पनि धेरै दलितले सुनाउँछन् ।

जातकै कारण अपमान र तिरस्कारको सिकार भइरहेका दलित समुदाय आज पनि सामाजिक विभेदमात्र होइन अमानवीय पीडा भोगिरहेका छन् । विगतका सत्ताहरूले भोट बैंक बनाएका कैयौं सुकुमबासी बस्तीमाथि अहिलेको राज्यले नै डोजर चलाएको छ । तीन पुस्तादेखि भूमिहीन रहेका धेरै दलित समुदाय आज आफ्नै बस्तीबाट सडकमा पुगेका छन् ।

अतिक्रमित जग्गा फिर्ता गर्ने नाममा चलाइएको बस्ती हटाउने अभियानले वास्तविक सुकुमबासीलाई गम्भीर संकटमा धकेलेको छ । विस्थापित बस्तीका सबै बासिन्दा सुकुमबासी होइनन् भने सबै सुकुमबासी दलित पनि होइनन् । तर, विस्थापनको सबैभन्दा ठूलो आघात भने फेरि पनि दलित समुदायमै परेको देखिन्छ । उनीहरू अहिले आश्रय, सुरक्षा र सम्मानको अभावले संकटमा छन् ।

सुकुमबासी बस्तीमा चलाइएको डोजर आतंकको चौतर्फी विरोध भइरहेको छ। यद्यपि विगतका सरकारहरू पनि वर्षौंदेखि सुकुमबासी समस्याको स्थायी समाधानतर्फ गम्भीर भएनन्। बरु उनीहरूले सुकुमबासीलाई राजनीतिक जुलुस र चुनावी आश्वासनको माध्यम बनाइरहे ।

'जहाँ बसेको छ, त्यहींको लालपुर्जा दिन्छौं" भन्ने नाराले बस्तीहरूमा आशा जगाइयो तर व्यवहारमा समस्या झन् जटिल बनाइयो ।

भूमिहीन दलित र वास्तविक सुकुमबासीले दशकौंदेखि राज्यबाट न्यूनतम सम्मानजनक जीवनको अपेक्षा गरेका थिए । बस्ती व्यवस्थापन, वैकल्पिक आवास र पुनर्स्थापनाको स्पष्ट योजनाबिना गरिएको डोजर कारबाहीले उनीहरूको भरोसामाथि थप चोट पुऱ्याएको छ । वास्तविक सुकुमबासीलाई व्यवस्थित बसोबासको सुनिश्चित नगरी गरिएको विस्थापनले राज्यको संवेदनहीनता उजागर गरेको छ ।

सरकारी जग्गा व्यक्तिले कब्जा गर्नु पक्कै पनि उचित होइन । गाउँमा जग्गाजमिन भएका परिवार सहरमा सुकुमबासीको नाममा बस्नु पनि न्यायसंगत ठहरिन सक्दैन । नदी किनारामा बस्ने सबैलाई सुकुमबासी भन्न मिल्दैन । तर, अहिलेको कारबाहीले वास्तविक भूमिहीनको पहिचानसँगै उनीहरूको पीडालाई पनि उजागर गरेको छ । समस्या के हो भने वास्तविक सुकुमबासीमध्ये पनि दलित समुदायको अवस्था झन् भयावह बनेको छ ।

राजधानीमा दलित समुदायले कोठा पाउनसमेत कठिन हुने यथार्थ अझै जीवित छ । जात लुकाउनुपर्छ, पहुँचवालाको सिफारिस चाहिन्छ तबमात्र डेरा पाइन्छ भन्ने अनुभव आज पनि धेरै दलितले सुनाउँछन् । दुई दशकअघिसम्म काठमाडौंमै आफ्नो जात खुलेपछि डेरा नपाउने तीतो यथार्थ सामान्य थियो । समाज बदलिएको दाबी गरिए पनि विभेदको मानसिकता पूर्णरूपमा समाप्त भएको छैन ।

नेपालमा भूमिहीनता, निरक्षरता, चरम गरिबी, सामाजिक अपमान र अवसरबाट वञ्चित हुने अवस्थाको सबैभन्दा ठूलो भार दलित समुदायले नै बोकेको छ । अझै पनि "कुजात", "चमार" जस्ता अपमानजनक शब्द प्रयोग गरिने सामाजिक यथार्थ समाप्त भएको छैन । सुकुमबासी बस्तीबाट विस्थापित भएर सडकमा पुग्ने, कोठा नपाएर खुला आकाशमुनि बस्न बाध्य हुने अवस्था पनि प्रायः दलित समुदायमै बढी देखिन्छ ।

तथ्यांकहरूले पनि यही चित्र देखाउँछन् । जीवनस्तर सर्वेक्षण २०११ अनुसार पहाडमा १५.३२ प्रतिशत र तराईमा ४४ प्रतिशत दलित भूमिहीन छन् । कृषियोग्य जमिनको स्वामित्वका आधारमा हेर्दा पहाडका ७७ प्रतिशत र तराईका ९० प्रतिशत दलितसँग कुनै पनि प्रकारको खेतीयोग्य जमिन छैन ।

संविधानको धारा ४० ले भूमिहीन दलितलाई एकपटक आवास र जमिन उपलब्ध गराउने व्यवस्था गरेको छ । भूमि समस्या समाधान आयोगमा निवेदन दिनेहरूमध्ये ठूलो हिस्सा भूमिहीन दलित समुदायकै रहेको तथ्य पनि सार्वजनिक भइसकेको छ ।

राज्यले दलित समुदायप्रति ऐतिहासिकरूपमा भएका अन्याय र विभेद स्वीकार गर्ने भाषण त धेरै गरिरहेको छ । समावेशी राज्य निर्माण, सामाजिक न्याय र क्षमायाचनाका कार्यक्रमहरूको घोषणा पनि हुँदै आएका छन् । तर व्यवहारमा भने विस्थापित दलित सुकुमबासीहरूको पीडा अझै सम्बोधन हुन सकेको छैन ।

आज बस्तीबाट निकालिएका धेरै परिवार कोठा नपाएर भौंतारिइरहेका छन् । कतिपय बिरामी अस्पताल पुगेका छन् । वृद्धवृद्धा, सुत्केरी, बालबालिका र अशक्तहरू असुरक्षित अवस्थाबाट गुज्रिरहेका छन् । खेतीपाती, श्रम र दैनिक ज्यालादारीका आधारमा जीवन धानिरहेका भूमिहीन दलित समुदाय एकाएक सडकमा पुगेपछि उनीहरूको पीडा झन् असह्य बनेको छ ।

राज्यले कानुन कार्यान्वयन गर्नुपर्छ, सार्वजनिक जमिन संरक्षण गर्नुपर्छ । तर, त्यसो गर्दा संविधानले प्रत्याभूत गरेको मानवीय गरिमा, सामाजिक न्याय र पुनर्स्थापनाको दायित्व पनि बिर्सन मिल्दैन । तयारीबिनाको विस्थापनले समस्या समाधान होइन, नयाँ मानवीय संकट जन्माउँछ ।

भूमिहीन दलितको सवाल जग्गाको मात्र होइन । यो राज्यको संवेदनशीलता, सामाजिक न्याय र लोकतान्त्रिक उत्तरदायित्वको पनि प्रश्न हो ।

रास्वपाको महाधिवेशनको तयारी तीव्र, सभापति लामिछानेको नेतृत्वमा मूल आयोजक समिति गठन



काँक्रेविहार संवाददाता

काठमाडौं, १७ जेठ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रथम राष्ट्रिय महाधिवेशनका लागि सभापति रवि लामिछानेको अध्यक्षतामा मूल आयोजक समिति गठन गरेको छ ।

असार ७, ८ र ९ गते चितवनमा आयोजना हुने प्रथम राष्ट्रिय महाधिवेशनका लागि मूल मूल आयोजक समितिमा उपसभापति डा. स्वर्णिम वाग्ले, महामन्त्रीद्वय कविन्द्र बुर्लाकोटी र भूपदेव शाह, सहमहामन्त्री विपिनकुमार आचार्य, लिमा अधिकारी, बसुमाया तामाङ, मनिष झा, विराजभक्त श्रेष्ठ, दीपकराज बोहरा, गणेश पराजुली, सोबिता गौतम, शिशिर खनाल, हरि ढकाल, सरिता ज्ञवली र सागर ढकाल सदस्य रहेका छन् ।

यस्तै, पार्टीका सबै केन्द्रीय समिति सदस्य तथा प्रदेश सभापतिहरू पनि मूल आयोजक समितिका सदस्य रहने व्यवस्था गरिएको छ । रास्वपाले महाधिवेशनलाई पार्टीको संगठनात्मक सुदृढीकरण, भावी राजनीतिक दिशा तय गर्ने तथा नेतृत्व चयनको महत्वपूर्ण अवसरका रूपमा लिएको जनाएको छ ।

अधिकार...

अधिकार सूचीअन्तर्गत पर्ने विषय भएकाले संघीय सरकारले कानुन बनाएर प्रदेश र स्थानीय तहलाई खानी व्यवस्थापनसम्बन्धी कार्यविधि निर्माण तथा कार्यान्वयन गर्ने अधिकार दिनुपर्ने देखिन्छ ।

हालको कानुनी संरचनाका कारण प्रदेश र स्थानीय सरकारले स्वतन्त्र रूपमा खानी तथा खनिज व्यवस्थापनसम्बन्धी कानुन बनाउन सक्ने अवस्था छैन । तर संघीय सरकारले आवश्यक अधिकार प्रत्यायोजन गरेमा ओझेलमा परेका कर्णालीका खानीहरू सञ्चालनमा ल्याई करोडौं रुपैयाँ राजस्व संकलन गर्न सकिने मन्त्रालयको दाबी छ ।

कर्णाली प्रदेश प्राकृतिक स्रोतका हिसाबले सम्पन्न प्रदेश मानिन्छ। यहाँ जलविद्युत आयोजना तीव्र गतिमा निर्माण भइरहेका छन् भने वन, जलस्रोत, खानी तथा पर्वतारोहणका क्षेत्र पनि प्रशस्त छन् । तर यी अधिकांश क्षेत्र साझा अधिकारअन्तर्गत पर्ने भएकाले सम्बन्धित कर तथा रोयल्टी संघीय सरकारले संकलन गरी प्रदेश तथा स्थानीय तहलाई बाँडफाँट गर्ने व्यवस्था छ ।


अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ अनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी संघीय विभाज्य कोषमा जम्मा गरिन्छ । सो कोषमा रहेको रकम अनुसूची-४ बमोजिम नेपाल सरकारलाई ५० प्रतिशत, प्रदेश सरकारलाई २५ प्रतिशत र स्थानीय तहलाई २५ प्रतिशतका दरले वितरण गरिन्छ ।

कर्णाली प्रदेशसभा अर्थ तथा प्राकृतिक स्रोत समितिकी सभापति दक्षिणा शाहीले प्राकृतिक स्रोत व्यवस्थापनसम्बन्धी विषय प्रदेशसभा र समितिमा पटक-पटक छलफल भए पनि अधिकारको प्रश्नमा आएर प्रक्रिया रोकिएको बताइन् । संघीय सरकारले प्रदेशलाई आवश्यक अधिकार प्रदान गरे प्राकृतिक स्रोतको व्यवस्थापन प्रभावकारी बन्ने र प्रदेशको राजस्व आम्दानी उल्लेखनीय रूपमा बढ्ने उनको विश्वास छ ।

सरोकारवालाहरूका अनुसार कर्णालीका प्राकृतिक स्रोतको दिगो उपयोग र आर्थिक लाभ सुनिश्चित गर्न संघीय, प्रदेश र स्थानीय सरकारबीचको अधिकार बाँडफाँट स्पष्ट पार्दै आवश्यक कानुनी सुधार गर्नुपर्ने आवश्यकता झन् टड्कारो बनेको छ ।

यसतर्फ समयमै ध्यान नदिइए कर्णालीका बहुमूल्य प्राकृतिक सम्पदाबाट प्राप्त हुन सक्ने अर्बौं रुपैयाँ राजस्व आगामी वर्षहरूमा पनि गुमिरहने देखिन्छ । भने यो बिषयमा प्रदेश सरकार र सांसदहरुले पनि पहल गरेर कानून निर्माणमा जोड दिन आवश्यक छ ।

जोगिबाडामा ६ करोडको लागतमा पक्की पुल निर्माण हुँदै



❐ काँक्रेविहार संवाददाता
जुम्ला, १७ जेठ

हिमा गाउँपालिका-३ स्थित जोगिबाडामा रु ६ करोड ३४ लाख लागतमा पक्की पुल निर्माण हुने भएको छ।

कर्णाली प्रदेश सरकारको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको उक्त बजेटमा हिमा नदीमाथि पक्की पुल निर्माण हुने पूर्वाधार विकास कार्यालय जुम्लाका प्रमुख रुपकबहादुर रावलले जानकारी दिए। मन्त्रालयको विनियोजित बजेट कार्यालयले बोलपत्र आह्वान गरेको थियो। रु ६ करोड ३४ लाखमा उक्त पक्की पुल मल्ल कन्ट्रक्सन दैलेखसँग निर्माण गर्न सम्झौता भएको पूर्वाधार विकास कार्यालय जुम्लाका प्रमुख रावलको भनाइ छ।

हिमा नदीमाथि पक्की पुल निर्माण नहुँदा गाउँसम्म पुग्न सवारीसाधनदेखि यहाँका स्थानीयवासीलाई सास्ती हुने गरेको थियो। प्रदेश सरकारको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले बहुवर्षीय बजेट सुनिश्चित भएपछि पुल निर्माणले गति लिएको कर्णाली प्रदेशसभा सदस्य टेकराज पछाईंले जानकारी दिए।

उक्त पक्की पुल निर्माणपछि यहाँका बड्की, जोगिबाडा, च्यामा र मोफ्ला गाउँका स्थानीयवासी प्रत्यक्ष लाभान्वित हुने भएका छन्। यहाँका विकट गाउँबस्तीका स्थानीयले उत्पादन गर्ने कृषि तथा पशुजन्य उत्पादन बजारसम्म ल्याउन र स्थानीय आवतजावत गर्न सुविधा पुग्ने हिमा-३ का वडाध्यक्ष धनवीर रोकायाले बताए।

पुल ४० मिटर लामो रहेको छ। आगामी दुई वर्षमा निर्माण पूरा गर्ने लक्ष्य राखिएको छ। नयाँ प्रविधिको पुल निर्माणका लागि शनिबार एक कार्यक्रमका बीच प्रदेशसभा सदस्य पछाईंले सो पुल शिलान्यास गर्नुभएको पूर्वाधार विकास कार्यालयले जनाएको छ।

युवाले बनाए हाटे ट्याक्टर

❐ काँक्रेविहार संवाददाता
सिंजा, १७ जेठ

जुम्लाको सिँजा गाउँपालिका-२, चुलेलगाउँ निवासी प्रशान्त वडले आफ्नै प्रयासमा हाते ट्याक्टर निर्माण गरेका छन्। आफ्नै विवेक, सीप र क्षमताको प्रयोग गर्दै कुनै विशेष प्राविधिक सहयोगबिना उनले हाते ट्याक्टर निर्माण गर्न सफल भएपछि स्थानीयवासी आश्चर्यचकित बनेका छन्। वडले यसअघि पनि मोटरसाइकल निर्माण गरी आफ्नो प्रतिभा प्रदर्शन गरिसकेका छन्।

मोटरसाइकल निर्माणमा सफलता हासिल गरेपछि उनले कृषि कार्यमा उपयोगी हुने हाते ट्याक्टर निर्माण गरेका हुन। उनको सिर्जनशीलता र प्राविधिक दक्षताले गाउँमा चर्चा पाएको छ।

सीमित स्रोतसाधनका बीच नयाँ-नयाँ आविष्कार गर्न सफल वडले आगामी दिनमा नयाँ प्रकारका सवारीसाधन निर्माण गर्ने तयारी गरिरहेका छन्। स्थानीयवासी कृष्ण विकका अनुसार वडको सीप र मेहनत प्रेरणादायी रहेको छ। उनले महावीर पुनको राष्ट्रिय आविष्कार केन्द्रमा जानका लागि अनुरोध गरिएको भए पनि वडले जान अस्वीकार गरेको बताए।



महावीर पुनको राष्ट्रिय आविष्कार केन्द्रमा जानका लागि अनुरोध गरिएको भए पनि वडले जान अस्वीकार गरेको बताए।

ग्रामीण क्षेत्रमा बसेर पनि नवीन सोच र लगनशीलताका साथ प्रविधि विकास गर्न सकिन्छ भन्ने उदाहरण वडले प्रस्तुत गरे। उनका यस्ता प्रयासले स्थानीयस्तरमा कृषि तथा यातायात क्षेत्रमा नयाँ सम्भावना खोल्ने विश्वास गरिएको छ।

सीमित स्रोतसाधनका बीच आफ्नै प्रयासमा निर्माण गरिएको हाते ट्याक्टरका भिडियो तथा तस्बिरहरू सामाजिक सञ्जालमा व्यापक रूपमा साझा भइरहेका छन्।

हाते ट्याक्टरको डिजाइन र कार्यक्षमता देखेर धेरैले उनको प्रतिभाको प्रशंसा गरेका छन्। ग्रामीण क्षेत्रमा बसेर पनि नवीन प्रविधि विकास गर्न सकिन्छ भन्ने सन्देश उनले दिएका छन्। सामाजिक सञ्जालमा उनको हाते ट्याक्टर भाइरल बनेसँगै धेरैले उनको प्रतिभालाई प्रोत्साहन र सम्मान गर्नुपर्ने धारणा व्यक्त गरेका छन्।

नेपालले भारतीय भूमि मिचेको बालेनको भनाइबारे परराष्ट्रको स्पष्टीकरण



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १७ जेठ

परराष्ट्र मन्त्रालयले प्रधानमन्त्री बालेन्द्र शाहले प्रतिनिधिसभामा नेपालले पनि भारतीय भूमि मिचेको भन्ने अभिव्यक्तिबारे प्रष्टिकरण दिएको छ।

मन्त्रालयले उक्त भनाइलाई 'क्रस बोर्डर अकुपेसन'सँग सम्बन्धित प्राविधिक यथार्थ भएको बताएको छ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षत्रीले आइतबार भनेका छन्, 'सम्माननीय प्रधानमन्त्रीज्यूले संसद्मा उल्लेख गर्नुभएको विषय मूलतः दशगजा क्षेत्र अतिक्रमण र 'क्रस बोर्डर अकुपेसन' अर्थात् सीमा वारपारको जग्गा भोगाधिकारसँग सम्बन्धित छ।'

प्राविधिक अध्ययन अनुसार केही जग्गा हाल नेपालले उपयोग गरिरहेको भए पनि भारततर्फ पर्न सक्ने र केही भारतले उपयोग गरिरहेको जग्गा नेपालतर्फ पर्न सक्ने देखिएको छ। प्रधानमन्त्रीको भनाइ यही यथार्थसँग जोडिएको हो।

फरक प्रसंगमा मन्त्रालयले लिपुलेक क्षेत्र हुँदै भारतले मानसरोवर तीर्थयात्रा सञ्चालन गरेको विषयमा नेपालको आधिकारिक धारणा वैशाख २० मा नै स्पष्ट पारिसकेको उल्लेख गरेको छ।

के भन्यो मन्त्रालयले ?

नेपालको आधिकारिक सीमा १८१६ को सुगौली सन्धि अनुसार निर्धारित छ।

लिपुलेक, लिम्पियाधुरा, कालापानी र सुस्ता क्षेत्रमा नक्साङ्कन बाँकी छ।

नदी सिमानामा फिक्स बाउन्ड्री प्रिन्सिपल लागू हुँदा केही ठाउँमा एक देशका नागरिकले अर्को देशको भूमिमा खेतीपाती तथा बसोबास गरेको अवस्था छ।

दुवै देशका प्राविधिक टोलीले सीमा स्तम्भ मर्मत, दशगजा अतिक्रमण र क्रस बोर्डर अकुपेसनको लगत सङ्कलन गरिरहेका छन्।

नेपाल र भारतबीचको घनिष्ठ सम्बन्धको मर्म अनुरूप, ऐतिहासिक सन्धि-सम्झौता तथा नक्साका आधारमा सीमासम्बन्धी समस्याहरूको समाधान कूटनीतिक वार्ताबाट गर्न नेपाल सरकार सधैं प्रतिबद्ध छ', क्षत्रीले भनेका छन्।

प्रधानमन्त्री बालेन शाहले आइतबार संसद्मा बोलेका अभिव्यक्तिपछि राष्ट्रिय राजनीतिमा उत्पन्न भएको बहसलाई परराष्ट्र मन्त्रालयले प्राविधिक तथा कूटनीतिक आधारमा स्पष्ट पार्ने प्रयास गरेको हो। यो विषयमा भारत पक्षबाट अझै कुनै आधिकारिक प्रतिक्रिया आएको छैन।

सल्यानमा अवैध गिट्टी-बालुवा उत्खनन् गर्ने ६३ सवारीसाधन नियन्त्रणमा

❐ काँक्रेविहार संवाददाता
सल्यान, १७ जेठ

शारदा नदीबाट अवैध रुपमा गिट्टी, बालुवा उत्खनन् गरेको आरोपमा प्रहरीले मंगलबार एक जेसिबी र ट्याक्टर नियन्त्रणमा लिएर शारदा नगरपालिकामा बुझायो। नगरपालिकाले ४ हजार ५ सय जरिवाना तिरायो।

गत आइतबार ईलाका प्रहरी कार्यालय रागेचौरले कुमाख गाउँपालिका १ टाटकेबाट रागेचौरतर्फ बालुवा लिएर जाँदै गरेका दुई वटा ट्याक्टर नियन्त्रणमा लियो। अवैध रुपमा गिट्टी, बालुवा उत्खनन् गर्ने ट्याक्टर र चालकलाई कारवाहीको लागि पालिकामा बुझायो।

जिल्ला प्रहरी कार्यालय सल्यानले चैत र वैशाखमा मात्रै यसरी अबैध रुपमा नदीजन्य पदार्थ उत्खनन् र ढुवानी गर्दै आएका ६३ वटा ट्याक्टर, जेसिबी, टिपर र ट्रक नियन्त्रणमा लिएको छ।

स्थानीय तहले ठेक्का लगाएको भन्दा अन्यत्रबाट गिट्टी, बालुवा उत्खनन् गर्न रोक लगाए पनि विकास निर्माण योजनाका लागि भन्दै पालिकाको अमानतमा उत्खनन् गरेको पाइएपछि प्रहरीले जिल्लाका विभिन्न स्थानबाट बालुवासहितका ५६ टेक्टर, ४ टिपर, ६ जेसिबी, एक्साभेटर र १ ट्रक नियन्त्रणमा लिएको हो।

नदीजन्य बस्तु उत्खनन्का लागि अवैध तथा मापदण्ड विपरित खोलामै जेसिवी प्रयोग गरेर, रातिको समयमा उत्खनन् गर्दै आएकाले नियन्त्रणमा लिएर कारवाही गरिएको जिल्ला प्रहरी सल्यानका प्रहरी नायव उपरीक्षक दिपक पातलीले बताए। नियन्त्रणमा लिएका सबैलाई कारवाहीको लागि पालिकामा बुझाएको र जरिवाना तिराएर छाडिएको उनले जानकारी दिए।



चैत र वैशाख महिनामा मापदण्ड विपरीत नदीजन्य बस्तु उत्खनन्मा संलग्न ६३ सवारी साधनलाई प्रहरीले नियन्त्रणमा लिएर २ लाख ७३ हजार राजस्व संकलन गरेको छ।

उनका अनुसार नियनत्रणमा लिएका ६३ टेक्टर, जेसिबी, टिपर, ट्रकबाट २ लाख ७३ हजार राजस्व संकलन भएको छ। सरकारले टेन्डर आहवान गरेर खोलाजन्य बस्तु उत्खनन् गर्न पाइने भन्दै आए पनि जिल्लाका १० पालिकामध्ये दुईले तीन स्थानबाट उत्खनन् गर्न टेन्डर आहवान गरेको र अन्यले अमानतबाट उत्खनन् गर्दै आएका छन्। अमानतबाट खोलाजन्य बस्तु उत्खनन् गर्न पाउने/नपाउने, प्रष्ट नभएकाले समस्या भएको उनको भनाई छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

काँक्रेविहार राष्ट्रिय दैनिक

विविध

सोमवार, १८ जेठ, २०८३
Monday, 1 June 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

छोरीको सशक्तीकरणका लागि १० बुँदे घोषणा पत्र जारी गर्दै सकियो 'कर्णाली छोरी सम्मेलनको दोस्रो संस्करण'

काँक्रेविहार संवाददाता
सुर्खेत, १७ जेठ

'कर्णाली छोरी सम्मेलन'को दोस्रो संस्करण १० बुँदे घोषणापत्र जारी गर्दै समापन भएको छ। प्रदेश राजधानी वीरेन्द्रनगरमा शनिबार र आइतबार गरी दुई दिनसम्म चलेको सम्मेलन ज्योति फाउन्डेशनको आयोजना र कर्णाली सरकार सामाजिक विकास मन्त्रालयको समन्वयमा आयोजना गरिएको थियो।

यो पटकको सम्मेलनमा लैङ्गिक तथा जातीय विभेद, महिला हिंसा, बालविवाह, घरेलु हिंसा, मर्यादित महिनावारी र छाउपडीजस्ता विषयमा व्यापक छलफल भएको फाउन्डेशनकी अध्यक्ष ज्योति कटुवालले बताइन्।

छोरी सम्मेलनमा कर्णालीका ७९ वटै स्थानीय तहका साथै लोपोन्मुख तथा सीमान्तकृत समुदायका छोरीहरूको सहभागिता रहेको थियो। यो पटकको सम्मेलनमा हरेक जिल्लाका छोरीहरूबिच जिल्लागत रुपमा 'छोरीका मनका कुरा' शीर्षकमा जिल्लामा छोरीहरूको अवस्थाबारे छलफल गरिएको थियो। जस क्रममा अधिकांश छोरीहरूले अझै पनि समाजमा छोरीमाथि हेर्ने व्यवहारमा रुपान्तरण हुन नसकेको बताएका थिए। जसमा १० वटै जिल्लाका छोरीहरूले छोरीहरूलाई अवसरसँगै आधारभूत अधिकार दिनुपर्ने निष्कर्षसहितको बहस गरे। अझै पनि समाजमा अझै व्याप्त विभेद, महिलामाथि हेर्ने नजरिया तथा डोल्पा जिल्लाका महिलाले शिक्षा, स्वास्थ्यका क्षेत्रमा भोग्दै आएका कथाव्यथामाथि प्रकाश पारे।

सम्मेलनले अझै पनि कर्णालीमा बाल विवाह, लैङ्गिक विभेद, कुप्रथालगायतका विभेदहरू कर्णालीका छोरीहरूको उज्ज्वल भविष्य निर्माणका लागि बाधक बनेको निष्कर्ष निकालेको छ।

'बाल विवाह अन्त्यका लागि प्रदेश तथा स्थानीय सरकारसँग रणनीति एवम् कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्न माग गर्दछ,' घोषणापत्रमा भनिएको छ।

सम्मेलनमा अझै पनि कर्णालीका ३३ प्रतिशत महिला निरक्षर रहेको



विषयमा चिन्ता प्रकट भयो। कर्णालीका प्रदेश प्रमुख यज्ञराज जोशीले निरक्षर महिला जनसंख्यालाई साक्षर र सबल बनाउन तीन वटै तहका सरकार जिम्मेवारी बनाइनुपर्ने बताए।

सम्मेलनमा शासनको बागडोरमा छोरी, प्रेरणाका प्रतिविम्ब, ज्ञानको उज्यालोमा छोरी, आवाज विहिनहरूका आवाज जस्ता शीर्षकमा स्थानीय तहको नेतृत्वमा पुगेका महिला राजनीतिज्ञ, प्रशासनिक निकायको माथिल्लो तहमा पुगेका तथा पत्रकारिता क्षेत्रमा सक्रिय महिलाहरूबिच बसह गरिएको थियो। जसमा उनीहरूले आफ्नो संघर्ष, त्याग र आ-आफ्नो समयको सामाजिक चेतका बारेमा जानकारी गराएका थिए।

वीरेन्द्रनगर नगरपालिकाका नगरप्रमुख मोहनमाया ढकालले महिलाको निर्णायक सहभागिताबिना समावेशी विकास सम्भव नरहेको बताएकी थिइन्।

समापन समापन समारोहमा बोल्दै सारदा नगरपालिकाका नगर प्रमुख प्रकाश भण्डारीले छोरीलाई सशक्त बनाउने उद्देश्यले भइरहेका प्रयासहरू आफैंमा महत्वपूर्ण रहेको बताए। उनले सरकारले गर्नुपर्ने कामसमेत कतिपय अवस्थामा एक व्यक्तिको पहलबाट अघि बढिरहेको उल्लेख गर्दै त्यसको प्रशंसा गरे।

नगर प्रमुख भण्डारीले विकासलाई केवल भौतिक संरचनामा सीमित गर्न नहुने भन्दै मानव स्रोत साधनको विकासलाई पनि उत्तिकै प्राथमिकता दिनुपर्ने धारणा राखे। उनले बालविवाह, सामाजिक विभेदलगायतका कुरीति अन्त्य गर्न सबैको साझा प्रयास आवश्यक रहेको उल्लेख गरे।

यस्तै, कार्यक्रममा सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले कर्णालीका छोरीहरूको सशक्तीकरणका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताए। उनले सम्मेलनबाट आएका निष्कर्षहरूलाई व्यवहारिक कार्यान्वयनमा लैजान सहभागी छोरीहरू स्वयं सक्रिय हुनुपर्ने बताए।

मन्त्री भण्डारीले नीति निर्माणसँगै त्यसको कार्यान्वयनमा समुदायको भूमिका महत्त्वपूर्ण हुने उल्लेख गर्दै प्राप्त सुझाव र निष्कर्षलाई दिगो परिवर्तनका लागि उपयोग गर्नुपर्ने धारणा राखे।

१० बुँदे घोषणा पत्र जारी

'कर्णाली छोरी सम्मेलन-०८३' (दोस्रो संस्करण) घोषणापत्र

सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशको सहकार्य एवम् समन्वयमा श्री ज्योति फाउण्डेसनको आयोजनामा कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा यही जेठ १६ र १७ गते कर्णाली छोरी सम्मेलन २०८३ (दोस्रो संस्करण) सम्पन्न भएको छ। दुई दिनसम्म भएको कार्यक्रमबाट कर्णालीका छोरीहरूका सुझावका आधारमा १० बुँदे कर्णाली घोषणापत्र सार्वजनिक गरिएको छ।

जनहितमा जारी सूचना !

- सम्पूर्ण सर्वसाधारण नागरिक, स्थानीय बासिन्दा तथा सरोकारवालाहरूमा जानकारी गराइन्छ कि पुल सेक्टर नं. ५, सुर्खेत क्षेत्रभित्र सञ्चालन गरिने विकास निर्माण, सरसफाइ, वातावरण संरक्षण, सार्वजनिक सम्पत्ति व्यवस्थापन तथा सामुदायिक हितसँग सम्बन्धित कार्यहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सबैको सक्रिय सहयोग र सहभागिता आवश्यक रहेको छ।
- सार्वजनिक सम्पत्ति संरक्षण, सडक तथा नाली अतिक्रमण नगर्ने, वातावरण स्वच्छ राख्ने, फोहोर व्यवस्थापनमा सहयोग गर्ने तथा सामाजिक सद्भाव कायम राख्ने कार्यमा सबै नागरिकलाई जिम्मेवार भूमिका निर्वाह गर्न अनुरोध गरिन्छ।
- यस क्षेत्रसँग सम्बन्धित कुनै गुनासो, सुझाव वा जानकारी भएमा सम्बन्धित निकायमा समयमै जानकारी गराई सहयोग गरिदिनुहुन अनुरोध छ।

पुल सेक्टर नं. ५, सुर्खेत

सगरमाथाको संरक्षण गरौं, प्राकृतिक सम्पदा जोगाऔं।

- नेपालमा रहेको विश्वकै सर्वोच्च शिखर सगरमाथाको गौरवमा गर्व गरौं,
- हिमाली क्षेत्रको वातावरणीय सन्तुलन कायम राखौं,
- फोहोर व्यवस्थापनमा सचेत भई सफा हिमाल अभियानमा सहभागी बनौं,
- जलवायु परिवर्तनका असर न्यूनीकरणमा योगदान गरौं,
- पर्वतारोहणलाई सुरक्षित, मर्यादित र दिगो बनाऔं,
- जैविक विविधता र हिमाली पारिस्थितिक प्रणालीको संरक्षण गरौं,
- सगरमाथा क्षेत्रलाई विश्वकै नमूना पर्यटकीय गन्तव्य बनाऔं।

हिमाल हाम्रो पहिचान र गौरवको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५११३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)